अङ्क–८, जनवरी / फेब्रुअरी

# सेबोन न्यूजलेटर

सचेततापूर्वक धितोपत्रमा लगानी गरी आर्थिक विकासमा सहभागी बनौं।

## नेपाल धितोपत्र बोर्डमा लगानीकर्ता प्रशिक्षण कार्यक्रम



नेपाल धितोपत्र बोर्डले लगानीकर्ताहरूलाई धितोपत्र बजार सम्बन्धी आधारभूत ज्ञान दिलाउन बोर्डमा गत मंसिर २५ गतेदेखि २९ गते सम्म पाँचदिने लगानीकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । बजारमा सचेत लगानीकर्ताहरूको कमिले गर्दा बजार चुस्त हुननसकेको महसुस गरी बोर्डले लगानीकर्ता प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिएको हो ।

बोर्डले मंसिर पहिलो हप्तादेखि प्रशिक्षणमा भाग लिन इच्छुक व्यक्तिहरूको नाम दर्ता थालेको थियो । कार्यक्रममा ३४ जना लगानीकर्ताहरू सहभागी भएका थिए । पाँच दिनसम्म सञ्चालन भएको उक्त कार्यक्रममा पाँच जना प्रशिक्षकको व्यवस्था गरिएको थियो । बोर्डका योजना तथा विकास विभाग प्रमुख डा. नवराज अधिकारीले धितोपत्र तथा धितोपत्र बजारको आधारभूत पक्षको बारेमा, बोर्डकै शिक्षा तथा तालिम शाखाका प्रमुख गोपालकृष्ण आचार्यले धितोपत्र बजार मध्यस्तकर्ताको बारेमा, स्टक ब्रोकरस् एशोसियशनका अध्यक्ष अन्जन राज पौडेलले दोस्रो बजार सञ्चालन प्रक्रियाको बारेमा, नयाँ धितोपत्र दलालको प्रतिनिधित्व गर्दै दिपेश भट्टले धितोपत्रको लगानीको बारेमा र मर्चेन्ट बैंकरस्को तर्फबाट प्रविण रमण पराजुलीले धितोपत्र निष्काशन विषयमा प्रशिक्षण दिनुभएको थियो ।

कार्यक्रमको अन्तिम दिन सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्दै बोर्डका अध्यक्ष बाबराम श्रेष्ठले पुँजी बजारमा गरिने लगानीले बचतलाई परिचालन गरी उत्पादकत्व बढाउने भएकाले लगानीका धेरै विकल्पहरू मध्ये यस क्षेत्रको लगानी बढी प्रभावकारी हुने कुरा व्यक्त गर्नुभयो । साथै उहाँले लगानीकर्ताहरूको लगानीकर्ता शिक्षा प्राप्तीप्रतिको उत्साहको सराहना गर्दै सहभागीहरूलाई धन्यवाद व्यक्त गर्नु भएको थियो ।



बोर्डले आगामी पौषको दोस्रो हप्तादेखि देशव्यापीरूपमा पुँजी बजार जनचेतना अभिवृद्धि तथा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने अन्तिम तयारी पूरा गरेको छ ।



## सेबोनमा नयाँ अध्यक्ष

नेपाल धितोपत्र बोर्ड (सेबोन) को अध्यक्षमा नेपाल सरकारले श्री बाबुराम श्रेष्ठलाई नियुक्त गरेको छ । बोर्डका निबर्तमान अध्यक्ष डा. शूरबीर पौड्यालको गत भाद्र १० गतेबाट कार्यकाल समाप्त भएपछि सरकारले नयाँ अध्यक्ष नियुक्तिको लागि खुल्ला रूपमा आवेदन माग गरी नियुक्ति प्रकृया अघि बढाएको थियो ।

अध्यक्षको लागि आवेदन दिएका १३ जना प्रतिस्पर्धीहरू मध्येबाट उहाँलाई २०६८ असोज ३० गतेको मन्त्री परिषदको बैठकले नियुक्त गरेको हो । बोर्डमा नवनियुक्त अध्यक्ष श्री बाबुराम श्रेष्ठ ज्यूले २०६८ कार्तिक ३ गतेदेखि पद वहाली गर्नु भएको थियो । उहाँले स्वच्छ, पारदर्शी तथा निष्पक्ष पुँजी बजारको विकासको लागि आफू प्रतिवद्ध रहेको बताउँदै आउनु भएको छ ।

# नयाँ धितोपत्रदलाल व्यवसायीको अनुमतिपत्र प्राप्त कम्पनीहरू

| क्र. सं. | नाम | अनुमति प्रदान मिति | ठेगाना | फोन |
|---|---|---|---|---|
| १ | कालिका सेक्युरिटिज प्रा. लि. | २०६८।०१।२८ | पुतलीसडक, काठमाडौं | ४४३०४७६ |
| २ | स्वर्णलक्ष्मी सेक्युरिटिज प्रा. लि. | २०६८।०१।२८ | कमलपोखरी, काठमाडौं | ४४१७१७८ |
| ३ | दक्षिणकाली इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा. लि. | २०६८।०१।२८ | कमलादी, काठमाडौं | ४१६८७४२ |
| ४ | दिपशिखा धितोपत्र कारोबार कं. प्रा. लि. | २०६८।०१।२८ | अनामनगर, काठमाडौं | ४१०२५३२, ४१०२५३४ |
| ५ | कोहिनुर इन्भेष्टमेन्ट एण्ड सेक्युरिटि प्रा. लि. | २०६८।०१।२८ | बागबजार, काठमाडौं | ४४४२८५८ |
| ६ | डाइनामिक मनि मेनेजर्स सेक्युरिटिज प्रा. लि. | २०६८।०२।८ | पुतलीसडक, काठमाडौं | ४४१४५२२ |
| ७ | भिजन सेक्युरिटिज प्रा. लि. | २०६८।०२।१२ | पुतलीसडक, काठमाडौं | ४४३८१२४ |
| ८ | सेक्युअर्ड सेक्युरिटिज क. लि. | २०६८।०२।१२ | पुतलीसडक, काठमाडौं | ४१६८१७२ |
| ९ | सुमेरु सेक्युरिटिज प्रा. लि. | २०६८।०२।२२ | हात्तीसार, काठमाडौं | ४४२४२०९ |
| १० | सनी सेक्युरिटिज कं. लि. | २०६८।०३।०९ | जमल, काठमाडौं | ४१६६००६ |
| ११ | साउथ एशियन बुल्स प्रा. लि. | २०६८।०३।०९ | कुलेश्वर, काठमाडौं | ४२८४७८६ |
| १२ | लिन्च स्टक मार्केट लि. | २०६८।०३।०९ | नयाा बानेश्वर, काठमाडौं | ४७८४५६८ |
| १३ | इम्पेरियल सेक्युरिटिज कं. प्रा. लि. | २०६८।०३।०९ | अनामनगर, काठमाडौं | ४४२२१८७ |
| १४ | क्रियटिभ सेक्युरिटिज प्रा. लि. | २०६८।०३।०९ | पुतलीसडक, काठमाडौं | ४१६८२०५ |
| १५ | निभ सेक्युरिटिज प्रा. लि. | २०६८।०३।२१ | पुतलीसडक, काठमाडौं | ४४३२३५३ |
| १६ | त्रिशक्ति सेक्युरिटिज प्रा. लि. | - | पुतलीसडक, काठमाडौं | ४२३२१३३ |
| १७ | अनलाइन सेक्युरिटिज प्रा. लि | - | बागबजार, काठमाडौं | ४२४६३९२ |
| १८ | क्रिष्टल कन्चनजंघासेक्युरिटिज प्रा. लि | - | पुतलीसडक, काठमाडौं | ४४२८०७२ |
| १९ | सुन्धारा सेक्युरिटिज प्रा. लि | २०६८।०५।०९ | सुन्धारा, काठमाडौं | ०१६२१८५०६ |
| २० | अक्सफोर्ड सेक्युरिटिज प्रा. लि | २०६८।०५।०९ | कालिमाटी, काठमाडौं | ४२२७३७१ |
| २१ | नासा सेक्युरिटिज प्रा. लि. | २०६८।०५।०९ | तिनकुने, काठमाडौं | ४४८२३०५ |
| २२ | भृकुटी स्टक ब्रोकिङ्ग क. प्रा. लि. | २०६८।०५।०९ | न्यूरोड, काठमाडौं | ४२२३४६६ |
| २३ | इन्भेष्टमेन्ट म्यानेजमेन्ट प्रा. लि. | २०६८।०८।१४ | त्रिपुरेश्वर, काठमाडौं | ४२५६५८९ |
| २४ | सेवा सेक्युरिटिज प्रा. लि. | २०६८।०८।१४ | त्रिपुरेश्वर, काठमाडौं | ४२५६६४४ |
| २५ | श्रीहरि सेक्युरिटिज प्रा. लि. | २०६८।०९।०३ | कमलादी, काठमाडौं | ४४३७५६२ |

## क्रेडिट रेटिङ्ग कम्पनी स्थापनाको लागि सहमति

नेपाल धितोपत्र बोर्डले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग कम्पनी स्थापना गर्न इक्रा लिमिटेड, नयाँ दिल्ली, इन्डियालाई मिति २०६८।०४।३१ मा सैद्धान्तिक सहमति दिएको छ ।


नेपालमा क्रेडिट रेटिङ्ग व्यवसायको प्रवेश गराई उक्त व्यवसायलाई नियमित तथा व्यवस्थित गर्ने उद्देश्यले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ लागू गरेको छ । उक्त नियमावलीले धितोपत्र निष्काशन गर्नुपूर्व क्रेडिट रेटिङ्ग संस्थामार्फत रेटिङ्ग गराउनुपर्ने व्यवस्था, क्रेडिट रेटिङ्ग संस्था स्थापना गर्ने प्रकृया तथा योग्यता, सञ्चालक तथा कार्यकारी प्रमुखको योग्यता, रेटिङ्गको अनुगमन, पुनरावलोकन तथा फिर्ता लिने प्रक्रिया तथा क्रेडिट रेटिङ्ग संस्थाको विवरण प्रवाह सम्बन्धमा आवश्यक व्यवस्थाहरू गरेको छ ।

# २५ नयाँ दलाल कम्पनीलाई अनुमतिपत्र प्रदान

नेपाल धितोपत्र बोर्डले हालसम्म २५ वटा नयाँ दलाल व्यवसायी कम्पनीहरूलाई धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र प्रदान गरेको छ । धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ ले तोकेको व्यवस्था पुरा गरी आफ्नो कार्यालय समेत स्थापना गरी तोकिए बमोजिमको पूर्वाधार तथा जनशक्ति समेत तयार गरिसकेकाले बोर्डले दलाल व्यवसाय सञ्चालन अनुमति प्रदान गरिएको हो । बोर्डले उक्त अनुमतिपत्र प्रदान गरेपछि धितोपत्र कारोबार गर्ने व्यवसायीको संख्या ४८ पुगेको छ ।

वि.स. २०५० सालमा नेपाल स्टक एक्सचेञ्ज स्थापना भएपछि ३२ धितोपत्र दलालहरूले धितोपत्र खरीद बिक्री कारोबार सुरू गरेका थिए । त्यसपछि बजारमा धितोपत्र दलाल व्यवसायीहरू पहिलो पटक थपिएका हुन् । धितोपत्र व्यवसायी -धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को व्यवस्था बमोजिम धितोपत्र दलाल व्यवसायीको अनुमतिको लागि नेपाल स्टक एक्सचेञ्ज लि. ले ३४ कम्पनीलाई सिफारिस गरेको थियो । सिफारिस गरिएका कम्पनी मध्ये ३२ कम्पनीहरूले मात्र अनुमतिपत्रको लागि बोर्ड समक्ष निवेदन दिएका थिए । स्टक एक्सचेन्जले धितोपत्र खरिद बिक्रीको लागि सुरूमा ३२ कम्पनीलाई अनुमतिपत्र दिएपनि विभिन्न कारणवश पछिल्लो समयमा बजारमा २३ धितोपत्र दलालहरू मात्र कायम थिए ।

आर्थिक वर्ष २०५०।५१ मा धितोपत्र बजार पुंजीकरण करिव १४ अर्ब रहेको थियो तर हाल बजार पुंजीकरण तीन खर्बभन्दा वढी पुगिसकेको छ । बजारको आकारमा व्यापक वृद्धि भएपनि धितोपत्र दलालको संख्या घट्दै गएको अवस्थामा धितोपत्र दलालको संख्या वढाउनुपर्ने आवश्यकता महसुस गरी नयाँ अनुमतिपत्र दिने प्रक्रिया सुरू गरेको हो । नयाँ धितोपत्र दलालहरूको प्रवेश भएबाट विद्यमान लगानीकर्ताका साथै बजारमा प्रवेश गर्न चाहने नयाँ लगानीकर्ताहरूलाई समेत सरल र सहज रूपले प्रतिस्प्रर्धी सेवा प्राप्त गर्न सहायोग पुग्ने विश्वास बोर्डले लिएको छ ।



# कमोडिटि
## एक्सचेन्ज निरीक्षण

सेबोनको एक टोलीले गत असोज १२ गते हात्तिसार स्थित कमोडिटि एण्ड मेटल एक्सचेन्ज लि. (कोमेन) को निरीक्षण गरेको छ । नेपालमा कमोडिटि बजारको बढ्दो विस्तार भइरहेको र सेबोनले कमोडिटि बजारको नियमन गर्ने सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा आवश्यक संसोधन प्रस्ताव समेत मन्त्रालयमा पेश गरिसकेको अवस्थामा कमोडिटि बजारको कारोबार प्रकृया तथा अन्य प्रकृया बुझ्नको लागि सो कमोडिटिको निरीक्षण गरिएको हो । उक्त एक्सचेन्जको निरीक्षण योजना तथा विकास विभागका प्रमुख डा. नवराज अधिकारीको नेतृत्वमा गरिएको थियो । निरीक्षण टोलीमा योजना तथा विकास विभागका अधिकृतहरू गोपाल कृष्ण आचार्य, जीवन अंगाई, नविन बैद्य तथा सहायक राजु बहादुर जि.सि.सम्लग्न हुनुहुन्थ्यो ।

कमोडिटि एण्ड मेटल एक्सचेन्ज लि. (कोमेन) का कार्यकारी प्रमुख आनन्द बेनानीले टोलीलाई कमोडिटि बजारको बारेमा विफ्रिङ्ग गर्नु भएको थियो ।कोमेन २०६४ सालमा नेपालको पहिलो कमोडिटि एक्सचेन्जको रूपमा स्थापित भएको हो ।यस पछि अन्य चारवटा एक्सचेन्जहरू स्थापना भई हाल नेपालमा ५ वटा कमोडिटि एक्सचेन्जहरूले काम गर्दै आएको छ । नेपालमा कमोडिटि डेरिभेटिभ मार्केट बढ्दै गइरहेको छ तर नियमन व्यवस्था भने हुन सकेको छैन् । अन्य एक्सचेन्जहरू पनि बजारमा आउने क्रम जारी छ । कम्पनी रजिष्ट्रार स्रोतका अनुसार मंसिर मसान्तसम्म ५२ वटा कमोडिटि एक्सचेन्जहरू कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका छन् । ति मध्ये २ वटा तत्काले बजारमा आउन लागेको कुरा जानकारीमा आएको छ ।

# पाइप लाइनमा निष्काशन

नेपाल धितोपत्र बोर्डमा २०६८ मंसिर मसान्तसम्ममा साधारण सेयर निष्कासनका लागि कुल १० वटा, हकप्रद सेयर निष्काशनका लागि २० वटा तथा डिवेन्चरका लागि १ वटा कम्पनीले बोर्डमा आवेदन दर्ता गरेका छन् । यस सम्बन्धी विवरण तलको तालिकामा देखाइए बमोजिम रहेको छ ।

**साधारण सेयर**
(रु. करोडमा)

| क्र.सं. | कम्पनी | क्षेत्र | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | इन्भेष्टा फाइनान्स क.लि. | वित्त कम्पनी | वित्त कम्पनी |
| २ | सिटी होमस् लि. | अन्य | अन्य |
| ३ | राजधानी इन्भेष्टमेन्ट फण्ड लि. | अन्य | अन्य |
| ४ | नेपाल औद्योगिक विकास निगम लि. | विकास बैंक | विकास बैंक |
| ५ | मर्केन्टाइल फाइनान्स लि. | वित्त कम्पनी | वित्त कम्पनी |
| ६ | राइजिङ्ग डेभलपमेन्ट बैंक लि. | विकास बैंक | विकास बैंक |
| ७ | मन्जुश्री फाइनान्सियल इन्सटिच्युसन लि. | फाइनान्स | फाइनान्स |
| ८ | फस्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि. | विकास बैंक | विकास बैंक |
| ९ | बागमति डेभलपमेन्ट बैंक लि. | विकास बैंक | विकास बैंक |
| १० | पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि. | विकास बैंक | विकास बैंक |
| | | जम्मा | ५९.३८ |

**हकप्रद सेयर**
(रु. करोडमा)

| क्र.सं. | कम्पनी | क्षेत्र | प्रस्तावित रकम | अनुपात |
|---|---|---|---|---|
| १ | सिदार्थ फाइनान्स क. लि. | वित्त कम्पनी | ५.२२ | |
| २ | आइएमइ फाइनान्सियल इन्स्टिच्युसन लि. | वित्त कम्पनी | ८९.९६ | |
| ३ | स्टान्डर्ड फाइनान्स लि. | वित्त कम्पनी | १००.१८ | |
| ४ | गुडविल फाइनान्स लि. | वित्त कम्पनी | ३५.३६ | |
| ५ | वुटवल पावर क. लि. | जलविद्युत | ६१.८३ | |
| ६ | गोरखा डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ३३.२१ | |
| ७ | क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | वित्त कम्पनी | १०८.४९ | |
| ८ | वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | वित्त कम्पनी | २३.८५ | |
| ९ | पब्लिक डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ६.०० | |
| १० | प्रिमियर फाइनान्स क. लि. | फाइनान्स | ५.२४ | |
| ११ | कुवेर मर्चेन्ट फाइनान्स लि. | वित्त कम्पनी | १५.०० | |
| १२ | नारायणी डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ४.३७ | |
| १३ | त्रिवेणी विकास बैंक लि. | विकास बैंक | ६.७८ | |
| १४ | प्रोग्रेसिभ फाइनान्स लि. | वित्त कम्पनी | १२.०० | |
| १५ | अरुण भ्यालि हाइड्रो पावर क. लि. | जलविद्युत | २६.५१ | |
| १६ | स्वस्तिक मर्चेन्ट फाइनान्स कं लि. | वित्त कम्पनी | १०.०० | |
| १७ | कन्काइ विकास बैंक लि. | विकास बैंक | ६.०० | |
| १८ | सूर्यदर्शन फाइनान्स क. लि. | वित्त कम्पनी | १०.०० | |
| १९ | बागेश्वरी डेभलपमेन्ट बैंक लि. | विकास बैंक | १४.८५ | |
| | | जम्मा | ५७४.९१ | |

**ऋणपत्र निष्काशन**
(रु. करोडमा)

| क्र.सं. | कम्पनी | क्षेत्र | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | नेपाल एसविआई बैंक | बाणिज्य बैंक लि. | ४०.०० |

# सामूहिक लगानी कोष दर्ता

नेपाल धितोपत्र बोर्डले गत वर्षसामूहिक लगानी कोष सम्बन्धी नियमावली, २०६७ लागू गरेपछि सामूहिक लगानी कोष स्थापनाको लागि २०६८ मंसिर मसान्तसम्म ४ वटा कम्पनीको आवेदन परेको छ । सामुहिक लगानी कोष स्थापनाको लागि निवेदन दिएका कम्पनीहरू मध्ये सिद्धार्थ म्युचल फण्ड दर्ता गरिसकिएको र निम्न कम्पनीहरूको निवेदन प्रकृयामा रहेको छ ।

- एनएमबी म्युचअल फण्ड
- लक्ष्मी म्युचअल फण्ड
- नबिल म्युचअल फण्ड

साथै सामूहिक लगानी कोषको बजार प्रवेशलाई प्रवर्द्धन गर्न सामूहिक लगानी कोष तथा कोषले प्रदान गर्ने प्रतिफलमा कर सहुलियत सम्बन्धमा अन्य मुलुकहरूमा रहेका व्यवस्था तथा अभ्यासहरूको अध्ययन भइरहेको छ ।

# बोर्डद्वारा नियमित बजार सुपरिवेक्षण प्रारम्भ

धितोपत्र बजार परिसूचक नेप्से हालैका दिनहरूमा न्युनतम रहिरहेकोले बजार सुद्धीकरणको लागि सुपरिवेक्षणलाई थप प्रभावकारी बनाउनको लागि मंसिर महिनादेखि नियमित बजार सुपरिवेक्षण थालिएको छ । बजारमा धितोपत्र दलालका कामकारबाहीहरू, लगानीकर्ताका समस्याहरू बारे जानकारी लिन बोर्डका कर्मचारीहरूद्वारा निरीक्षण थालिएको हो ।

हालसम्म २२ वटा धितोपत्र दलाल व्यवसायीहरूको अनुगमन तथा निरीक्षण गरिसकिएको छ । निरीक्षणका क्रममा धितोपत्र दलालले ग्राहकको आदेश दर्ता किताव राखे/नराखेको, ग्राहक विवरण राखे/नराखेको, बैंकमार्फत कारोबार गरे/नगरेको, कारोबार अभिलेख स्पष्ट राखे/नराखेको आदि हेरिएको छ ।

# सिडियस कम्पनी दर्ता

नेपाल स्टक एक्सचेन्जको पूर्ण स्वामित्वमा रहेको सहायक कम्पनी सिडिएस एण्ड क्लियरिङ्ग लि. ले धितोपत्रको केन्द्रीय निक्षेप सेवा सञ्चालनको लागि मिति २०६८ भाद्र ७ गते लाइसेन्स प्राप्त गरेको छ । धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को व्यवस्था बमोजिम केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न अनुमतिपत्रको लागि थापाथली, काठमाडौं स्थित उक्त कम्पनीबाट मिति २०६७।१२।९ मा निवेदन प्राप्त भएकोमा उक्त निवेदन तथा निवेदनसाथ प्राप्त विवरण तथा कागजातहरूको अध्ययन गरी उक्त कम्पनीलाई सो सेवाको लागि अनुमति पत्र प्रदान गरिएको हो । उक्त कम्पनीको कार्य सञ्चालन व्यवस्था सम्बन्धी विनियमावली बोर्डमा स्वीकृतिको लागि पेश भएकोमा बोर्डले यसलाई अध्ययन गरी आवश्यक सुधारका लागि सुझाव दिइरहेको छ । यो विनियमावली छिट्टै बोर्डबाट स्वीकृति भई कम्पनीले कार्य प्रारम्भ गर्नेछ ।

धितोपत्र कारोवार राफसाफ तथा नामसारी प्रकृयालाई छिटो छरितो बनाउने उद्देश्यले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बनाई नेपाल सरकारको स्वीकृति प्राप्त गरी मिति २०६७।०६।२० देखि लागु गरेको हो । सिडियस प्रणाली लागु भएपछि सर्वसाधारणले सेयर तथा अन्य धितोपत्रको नामसारीमा अहिले जस्तो झन्झट व्यहोर्नु पर्दैन । हरेक लगानीकर्ताहरूको एउटा इलेक्ट्रोनिक खाता खोलिने छ । त्यसमा सबै धितोपत्रलाई डिम्याटेरिअलाइज गरी केन्द्रीकृत गरिन्छ र किनबेच पश्चात उक्त खाताबाट नै एक अर्कोमा स्थानान्तरण गरिन्छ । यस प्रणालीले गर्दा नामसारी प्रक्रिया छिटो छरितो हुन गई पुंजी बजारमा गतिशीलता आउँछ ।

# बोनस सेयर दर्ता

यस आर्थिक वर्षको मंसिर मसान्तसम्म ५५ वटा सूचीकृत संस्थाहरूले बोनस तथा नगद लाभांस वितरण गरेका छन् । जसमा १४ वटा बाणज्य बैंक, १४ वटा विकास बैंक, ३१ वटा वित्त कम्पनी र ३ वटा जलविद्युत कम्पनी, २ वटा बिमा र १ वटा उत्पादन तथा प्रशोधन कम्पनी रहेका छन् । यस सम्बन्धी विवरण तलको तालिकामा देखाइएको छ ।

हकप्रद सेयर निष्काशन

(रु. करोडमा)

| क्र.सं. | कम्पनी | बोनस सेयर (प्रतिशत) | लाभांस सेयर (प्रतिशत) |
|---|---|---|---|
| | **वाणिज्य बैंक** | | |
| १ | बैंक अफ काठमाण्डु लि. | १८ | १७ |
| २ | ग्लोबल बैंक लि. | ६.६७ | ५.३५ |
| ३ | एभरेष्ट बैंक लि. | १० | ५० |
| ४ | स्टयाण्डर्ड चार्टर्ड बैंक लि. | - | ५० |
| ५ | लक्ष्मी बैंक लि. | १० | १५ |
| ६ | सिटीजन्स बैंक इन्टरनेशनल लि. | ५ | ५.५३ |
| ७ | नेपाल इन्भेष्टमेन्ट बैंक लि. | २५ | २५ |
| ८ | प्राइम बैंक लि. | - | १२.६३ |
| ९ | नेपाल एसबिआई बैंक लि. | १२.५० | ५ |
| १० | एनआईसी बैंक लि. | - | २० |
| ११ | डिसीबिएल बैंक लि. | ४.१२ | ०.२२ |
| १२ | हिमालयन बैंक लि. | २० | १६.८४ |
| १३ | सिद्धार्थ बैंक लि. | ३ | १५.७९ |
| १४ | सनराइज बैंक लि. | - | ४ |
| | **विकास बैंक** | | |
| १५ | सानीमा विकास बैंक लि. | - | ६.५० |
| १६ | दियालो विकास बैंक लि. | - | १०.५३ |
| १७ | सहयोगी विकास बैंक लि. | २० | ३ |
| १८ | एक्सेल डेभलपमेन्ट बैंक लि. | - | २५ |
| १९ | ज्योति विकास बैंक लि. | - | ८.५० |
| २० | प्रोफेशनल विकास बैंक लि. | - | ७.३७ |
| २१ | छिमेक लघुवित्त विकास बैंक लि. | - | २५ |
| २२ | किल्न इनर्जी डभेलपमेन्ट बैंक लि. | - | ७ |
| २३ | एच एण्ड वि डेभलपमेन्ट बैंक लि. | - | १२.२५ |
| २४ | मुक्तिनाथ विकास बैंक लि. | - | २५ |
| २५ | अल्पाइन डभेलपमेन्ट बैंक लि. | - | ९ |
| २६ | एस डेभलपमेन्ट बैंक लि. | ६.३० | ०.३३ |
| २७ | सिटी डेभलपमेन्ट बैंक लि. | १० | १० |
| २८ | एनडेप डेभलपमेन्ट बैंक लि. | ६.७ | ०.३५ |
| | **वित कम्पनी** | | |
| २९ | एपी फाइनान्स लि. | ५ | १५ |
| ३० | आइएमई फाइनान्सियल इष्टिच्यूशन लि. | - | २१.०५ |
| ३१ | फेवा फाइनान्स लि. | १० | १६.३२ |
| ३२ | सिभिल मर्चेण्ट वित्तीय संस्था लि. | १५ | ०.७९ |
| ३३ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. | १५.०२ | ७.११ |
| ३४ | महालक्ष्मी फाइनान्स लि. | - | १२ |
| ३५ | इन्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स लि. | - | ६ |
| ३६ | जेनिथ फाइनान्स लि. | - | ९.५ |
| ३७ | युनाइटेड फाइनान्स लि. | - | १३.१६ |
| ३८ | आइसिएफसी वित्तीय संस्था लि. | ८ | ७ |
| ३९ | अन्नपूर्ण फाइनान्स कं. लि. | - | १२ |
| ४० | एनसिएम म्युचुअल फण्ड - २०५९ | - | ८ |
| ४१ | नेपाल एक्सप्रेस फाइनान्स लि. | - | ०.५३ |
| ४२ | नारायणी नेश्नल फाइनान्स लि. | - | १०.५३ |
| ४३ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | - | ०.७९ |
| ४४ | भाजुरत्न फाइनान्स एण्ड सेभिङ्ग कं. लि. | ४० | |
| ४५ | प्रभु फाइनान्स लि. | १५ | |
| ४६ | एभरेष्ट फाइनान्स लि. | - | २० |
| ४७ | एनआइडिसी क्यापिटल मार्केट्स लि. | ५ | २० |
| ४८ | लर्ड बुद्ध फाइनान्स लि. | १० | रु.८८६८७२.११ |
| ४९ | स्वावलम्बन लघुवित्त संस्था लि. | ५ | २६.५८ |
| | **जलविद्युत** | | |
| ५० | अरुणभ्याली हाइड्रो पावर डेभलपमेन्ट कं. लि. | - | १५ |
| ५१ | चिलिमे हाइड्रो पावर कं. लि. | ४० | ३० |
| ५२ | बुटवल पावर कं. लि. | - | २५ |
| | **बीमा कम्पनी** | | |
| ५३ | नेशनल लाइफ इन्स्योरेन्स कं. लि. | २० | |
| ५४ | प्राइम लाइफ इन्स्योरेन्स कं. लि. | २० | १.०५ |
| | **उत्पादन तथा प्रशोधन कम्पनी** | | |
| ५५ | युनिलिभर क. लि. | - | रु.५९०/- |

# धितोपत्र निष्काशन

यस आर्थिक वर्षको मंसिर मसान्तसम्मको अवधीमा नेपाल धितोपत्र बोर्डमा २ वटा फाइनान्स कम्पनीहरूको जम्मा रू. १३ करोड ३० लाख मूल्य बराबरको हकप्रद सेयर दर्ता गरी उक्त सेयर निष्काशन गर्न अनुमति प्रदान गरिएको छ । यस अवधिमा साधारण सेयरको लागि भने निष्काशन अनुमति दिइएको छैन ।

हकप्रद सेयर निष्काशन

(रु. करोडमा)

| क्र.सं. | कम्पनी | क्षेत्र | प्रस्तावित रकम | अनुपात |
|---|---|---|---|---|
| १ | युनिक फाइनान्स लि. | वित्त कम्पनी | १०.०० | १:१ |
| २ | पाटन फाइनान्स लि. | वित्त कम्पनी | ३.३० | १०:३ |



पूँजीबजार विकास गुरुयोजना सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागीहरु

# पुँजी बजार विकास गुरूयोजनाको मस्यौदा सम्बन्धमा अन्तरक्रिया

नेपाल धितोपत्र बोर्डले एक महिना भित्रनै पुँजी बजार विकास गुरू योजना लागू गर्दैछ । गुरूयोजना लागू सम्बन्धमागुरूयोजना कार्यान्वयन ढाँचा *(Master Plan Implementation Framework)* तयार गरी गुरूयोजना कार्यान्वयन सम्बन्धी वार्षिक कार्ययोजना *(Action Plan)* तयारी कार्य भइरहेको छ ।

विश्व बैंकको प्राविधिक सहयोगमा तयार गरिएको उक्त गुरू योजना तर्जुमाकार्यमा आवश्यक सहयोग तथा समन्वयका लागि आयोजना प्रमुख, एउटा निर्देशक समिति तथा छ वटा कार्यगत समुहहरू व्यवस्था गरी कार्य अगाडि बढाइएको थियो । उक्त कार्यगत समूहहरूमा नियमन स्वायत्तता, जवाफदेहिता तथा बोर्ड सुशासन सुझाव कार्यगत समुह, लेखा तथा लेखा परीक्षणस्तरको पालना, लेखा अभ्यास तथा विवरण प्रवाह सुझाव कार्यगत समुह, धितोपत्र कारोबार, बजार पूर्वाधार तथा ऋणपत्र बजार विकास सुझाव कार्यगत समुह, धितोपत्र निष्काशन, सूचीकरण तथा मर्चेन्ट बैंकिङ्ग व्यवसाय सुझाव कार्यगत समुह, कानुन तथा कानुन प्रवलीकरण सुझाव कार्यगत समुह र लगानीकर्ता शिक्षा तथा पूर्वाधार विकास सुझाव कार्यगतसमूह रहेका थिए ।

गुरू योजनामा सरोकारवालाहरूको सल्लाह तथा सुझाव लिन मिति २०६७ माघ १२ गते काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । कार्यक्रम तत्कालिन अर्थ मन्त्री सुरेन्द्र पाण्डेले प्रमुख आतिथ्यता गर्नुभएको थियो । गुरू योजनाका सम्बन्धमा अन्तर्राष्ट्रिय पुँजी बजार विज्ञ रिचार्ड प्राट तथा भारतीय धितोपत्र बोर्डका विज्ञ मनिन्दर चिमाले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यस्तै पाँच वर्षीय पुँजी बजार विकास गुरू योजनामाथि सरोकारवालाहरूको थप राय सुझाव लिई अन्तिम रूप दिने सम्बन्धमा मिति २०६८ आषाढ २४ गते दोस्रो सेमिनार आयोजना गरिएको थियो । उक्त सेमिनार कार्यक्रममा विश्व बैंकका कन्सल्ट्यान्ट तथा अन्तर्राष्ट्रिय पुँजी बजार विज्ञ, भारतीय प्रत्याभूति बोर्ड तथा मलेशियन सेक्युरिटिज कमिसनका विज्ञहरू, सूचिकृत कम्पनी, धितोपत्र व्यवसायी, विभिन्न राजनैतिक दलका सम्बन्धित क्षेत्रका विज्ञहरू तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

नेपालको पुँजी बजारको विकासमा देखिएका कठिनाई, चुनौती तथा सम्भावनाहरूलाई औल्याउँदै समय सापेक्ष रूपमा पुँजी बजारको विकास एवं प्रवर्द्धनका लागि पुँजी बजार विकास गुरू योजना तर्जुमा गरिएको हो । पुँजी बजार विकास गुरूयोजना तर्जुमा तथा कार्यान्वयनमा सम्बन्धित सबै सरोकारवालाहरूको सहभागिता तथा समन्वयका लागि उक्त समितिहरूमा अर्थ मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल स्टक एक्स्चेञ्ज लि., धितोपत्र व्यवसायी, लगानीकर्ता संघहरू तथा स्वतन्त्र विज्ञहरूलाई सहभागी गराइएको छ ।

गुरू योजनाले धितोपत्र बोर्डको स्वायत्तता तथा क्षमता अभिवृद्धि गर्ने, बजार अनुगमन तथा सुपरिवेक्षण गर्ने, कानुन प्रवलीकरण गर्ने, बजार पूर्वाधार विकास विकास गर्ने, पुँजी बजारको अवरोध हटाउने, संस्थागत सुशासनमा जोड दिने, संस्थागत लगानीकर्ता तथा गैर आवासीय लगानीकर्ताहरूलाई बजारमा आकर्षित गर्ने, धितोपत्र मध्यस्तकर्ताहरूको भूमिका अभिवृद्धि गर्ने, लगानीकर्ता प्रशिक्षणको व्यवस्था गर्नेजस्ता कुराहरूलाई समेटेको छ ।गुरू योजनाको प्रभावकारी कार्यान्वयनबाट नेपालको पुँजी बजार उदयीमान पुँजी बजारको रूपमा विकास हुनुका साथै पुँजी परिचालनको दीगो एवं विश्वसनीय स्रोतको रूपमा विकसित हुने अपेक्षा गरिएको छ ।






गुरुयोजनाका सम्बन्धमा प्रकाश पार्दै गुरुयोजना विकास परियोजना प्रमुख

# धितोपत्र बजार सूचकांक

धितोपत्र बजारको तुलनात्मक सूचकांक हेर्दा पछिल्लो समयमा कतिपय सूचकांकहरू राम्रा देखिए पनि धेरै सूचांकहरूको स्थिति संतोषप्रद छैन् । विगत केही वर्षदेखि हाल सम्मको तथ्यांक हेर्दा स्टक एक्सचेन्जमा सूचिकृत कम्पनीहरूको संख्या बढ्दै गइरहेको, धितोपत्रको कारोबार हुने कम्पनीको संख्यामा वृद्धि आइरहेको, कारोबार भएको संख्या बढ्दै गएको छ भने धितोपत्रको वार्षिक कारोबार, नेप्से परिसूचक, सूचीकृत धितोपत्रको बजार पुंजीकरण, बजार पुंजीकरणमा कारोबारको प्रतिशत, सार्वजनिक निष्काशन रकम आदि घट्दै गएको छ । २०६८ मंसिर मसान्त सम्म आइपुग्दा कुल सूचिकृत संगठित संस्थाहरूको संख्या २१४ पुगेको छ भने नेप्से परिसूचक ३१६.२७ विन्दुमा झरेको छ ।

धितोपत्रको वार्षिक कारोबार आर्थिक वर्ष २०६७।६८ को अन्तमा ६.६६ अर्ब रहेको थियो जुन गत मंसिर महिनामा रू. ७८ करोड रहेको छ । यद्येपी बजार पुंजीकरण आफै घटिरहेको छ त्यसमा पनि बजार पुंजीकरणमा कारोबारको प्रतिशत घटेर २०६७।६८ मा २.०६ प्रतिशतमा आइपुगेको छ । जुन अघिल्लो वर्षहरूमा क्रमशः ३.१४, ४.२२, ६.२३ रहेका थिए ।

(रु. दशलाखमा)

| बजार सूचाकांकहरू | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | ०६४।६५ | ०६५।६६ | ०६६।६७ | ०६७।६८ | २०६८ मंसिर |
| सार्वजनिक निष्काशन संख्या | ६४ | ६४ | ६१ | ४७ | २ |
| सार्वजनिक निष्काशन रकम | १०६६८.२० | १६८२८.५० | १०८२२.४१ | ६७५४.०३ | १३३.० |
| सूचीकृत संगठित संस्थाको कुल संख्या | १४२ | १५९ | १७६ | २०७ | २१४ |
| सूचीकृत धितोपत्रहरूको चुक्ता मुल्य | २९६४५.०० | ६११४०.०० | ७९३५६.०० | १००२३८.०० | – |
| सूचीकृत धितोपत्रको संख्या (हजारमा) | ३२११३१ | ६३७८६८ | ८२१७४६ | १०३३६७४ | १०८२०६१ |
| धितोपत्रको वार्षिक कारोबार | २२८२०.८ | २१६८१.१४ | ११८५१.११ | ६६६५.३३ | ७८५.५१ |
| कारोबार भएको दिन | २३५ | २३४ | २२५ | २३१ | २१ |
| कारोबार भएको कम्पनीको संख्या | १३६ | १७० | १९८ | २२२ | १५२ |
| कारोबार भएको सेयर संख्या (हजारमा) | २८५९९.७७ | ३०५४७.१६ | २६२३१.३५ | २६२४०.३९ | ४२६०.८५ |
| कारोबार संख्या | १५०८०० | २०९०९१ | २१३७३३ | ३०२३६४ | ३७७४१.०० |
| सूचीकृत धितोपत्रको बजार पुँजीकरण | ३६६२४७.५ | ५१२९३९.०७ | ३७६८७१.३७ | ३२३४८४.३४ | २९०३४०.४८ |
| बजार पुँजीकरणमा कारोबारको प्रतिशत | ६.२३ | ४.२२ | ३.१४ | २.०६ | ०.२७ |
| कुल गार्हस्थ उत्पादनमा बजार पुँजीकरणको प्रतिशत | ४४.६२ | ५३.४३ | ३१.८६* | २४.०१# | २४.५५ |
| नेप्से सूचकांक | ९६३.३६ | ७४९.१० | ४७७.७३ | ३६२.८५ | ३१६.२७ |

* कुल गार्हस्थ उत्पादन (प्रचलित मुल्य) को संशोधित अनुमानको आधारमा


# कुल गार्हस्थ उत्पादन (प्रचलित मुल्य) को प्रारम्भिक अनुमानको आधारमा

स्रोतः नेपाल धितोपत्र बोर्ड, आर्थिक सर्वेक्षण, २०६७।६८ तथा नेपाल स्टक एक्स्चेन्ज लि. को वार्षिक कारोबार प्रतिवेदन, २०६७।६८

## धितोपत्रको दोस्रो बजार

**नेप्से परिसूचक**
(आ.व. २०६८।६९)

धितोपत्र कारोबारको औषत मूल्य देखाउन प्रयोग गरिने नेप्से परिसूचकमा केही समय यता गिरावट आईरहेको छ । यस आर्थिक वर्षको श्रावण तथा भाद्र महिनामा गिरावट दर बढी रहेको र कार्तिक तथा मंसिर महिनामा तुलनात्मक रूपमा स्थिर रहेको छ । २०६८ श्रावण १ गते ३७२ रहेको नेप्से परिसूचक मंसिर मसान्तमा आइपुग्दा ३१६.२७ विन्दु कायम भएको छ ।



# सेमीनार कार्यक्रममा सहभागिता

## APEC Financial Regulators Training, Sri Lanka

APEC ले गत नोभेम्बर ७–११ मा Financial Regulators Training Iniative Regional Seminar कार्यक्रम आयोजना गरेको र त्यसमा सहभागिताको लागि बोर्डमा पत्राचार भएको थियो । सेमिनार कार्यक्रम Risk Managemdnt for Securities Regulators भन्ने विषयमा आधारित थियो । उक्त कार्यक्रममा बोर्डको तर्फबाट निर्देशक तथा सुपरिवेक्षण विभाग प्रमुख निरज गिरी र कानुन विभागका अधिकृत कृष्ण प्रसाद घिमिरेले सहभागिता जनाउनु भएको थियो ।कार्यक्रममा वित्तीय तथा धितोपत्र बजारमा हुनसक्ने जोखिम मापन गर्ने आधुनिक विधी ARROW Model (Advanced Risk Response Operating Framework) को बारेमा प्रशिक्षण भएको थियो ।

## AFIE Annual General Meeting; Seoul, Korea

AFIE को वार्षिक साधारण सभा तथा Work Shop गत नोभेम्बर १०–१२ मा कोरियाको सोलमा भएको र बोर्डको तर्फबाट योजना तथा विकास विभाग प्रमुख डा. नवराज अधिकारीले सहभागिता जनाउनु भएको थियो । उक्त कार्यक्रममा उहाँले प्यानालिष्टको रूपमा भाग लिनुको साथै देशको तर्फबाट पेपर प्रस्तुत गर्नुभएको थियो ।

## ANNA को AGM तथा Work Shop; Jordan

Association of National Numbering Agency (ANNA) को Workshop and Extraordinary General Meeting यहि डिसेम्बर ७–९, २०११ माजोर्डनमा सम्पन्न भएको थियो । SecuritiesDepository Center of Jordan बाट नेपाल धितोपत्र बोर्डमा सहभागिताको लागि अनुरोध भई आएकोमा बोर्डको तर्फबाट अध्यक्ष श्री बाबुराम श्रेष्ठले सहभागिता जनाउनु भएको थियो । नेपाल धितोपत्र बोर्डले भर्खरै मात्र ANNA को पार्टनरसिप लिएको र यसको सदस्यता लिई वित्तीय औजारहरूको स्तरीकरण गरी एउटा निश्चित कोड तय गर्न बोर्डले आवश्यक कदम चाल्नु पर्ने अवस्था छ ।

## नेपाल एकाउन्टिङ्ग स्टान्डर्डस् कार्यशाला गोष्ठी

नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाले गत डिसेम्बर १२ मा होटल डेल अन्नपूर्णमा नेपाल एकाउन्टिङ्ग स्टान्डर्स् विषयक कार्यशाला गोष्ठी आयोजना गरेकोमा बोर्डका तर्फबाट वित्तीय सूचना विश्लेशण विभागका श्री विनोद पौड्यालले सहभागिता जनाउनु भएको थियो । कार्यक्रममा नेपाल लेखामान बोर्डका अध्यक्ष लगायतले नेपाल लेखामान तथा अन्तराष्ट्रिय वित्तीय प्रतिवेदनमान सम्बन्धमा कार्यपत्र पेश गर्नुभएको थियो ।

## IFRS सेमीनार कार्यक्रम

नेपाल लेखामान बोर्डले गत डिसेम्बर २–३ मा होटल डेल अन्नपूर्णमा International Financial Reporting Standards (IFRS) विषयक तालिम कार्यक्रम आयोजना गरेको थियो । यस कार्यक्रममा बोर्डका तर्फबाट अधिकृत अनुज कुमार रिमालले सहभागिता जनाउनु भएको थियो ।

## AML /CTF Programme

AUSTRACT अस्ट्रेलियन सरकार अस्ट्रेलियन रिपोर्ट एनालाइसिस सेन्टरले गत डिसेम्बर ७–९ मा काठमाडौंमा Anti Money Laundering सम्बन्धी ३ दिने तालिम कार्यक्रम आयोजना गरेको र यसमा नेपाल धितोपत्र बोर्डको संयोजनमा नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेन्ज लि. मर्चेन्ट बैंकरसहरूका प्रतिनिधिहरू समेत गरी कुल २० जनाले सहभागिता जनाएको थियो । बोर्डको तर्फबाट एक निर्देशक, तीन उपनिर्देशक र ६ जना अधिकृत गरी जम्मा १० जनालाई सहभागी गराइएको थियो । कार्यक्रममा AUSTRACT का तर्फबाट २ जनाले प्रशिक्षण दिनु भएको थियो ।

कार्यक्रममा अवैध सम्पति शुद्धीकरण हुने तरिका, शंकास्पद गतिविधी मापन गर्ने तरिका, आतंककारीको फाइनान्सिङ्ग तथा तिनका तहहरूको बारेमा चर्चा भएको थियो ।

# नेपाल धितोपत्र बोर्डको ▪ वार्षिक प्रतिवेदन तयार ▪

बोर्डले आर्थिक वर्ष २०६७।६८ को वार्षिक प्रतिवेदन तयार गरि मिति २०६८।०७।२९ मा अर्थ मन्त्रालयमा पेश गरेको छ । धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ मा भएको व्यवस्था अनुसार प्रकाशन गरिएको यस वार्षिक प्रतिवेदनमा बोर्डबाट आर्थिक वर्ष २०६७।६८ मा भएका कामकारबाहीहरू, धितोपत्र बजारको बर्तमान अवस्था, धितोपत्र व्यवसायी तथा सूचीकृत संगठित संस्थाहरूको गतिविधी आदि समावेश गरिएको छ । साथै उक्त प्रतिवेदनमा आर्थिक वर्ष २०६७।६८ को लागि स्वीकृत वार्षिक कार्यक्रम तथा त्यसको उपलब्धी, आर्थिक वर्ष २०६८।६९ को लागि स्वीकृत वार्षिक कार्यक्रम, धितोपत्र बजारमा साधारण सेयर, हकप्रद सेयर निष्काशनको स्थिति तथा बोनस सेयर दर्ताको स्थिति, नागरिक एकांक योजना तथा एनसिएम म्यूचुअल फण्डको अवस्थाको बारेमा उल्लेख छ ।

प्रतिवेदनमा उल्लेख भए अनुसार गत आर्थिक वर्ष २०६७।६८ मा बोर्डले १ बाणिज्य बैंक, ११ विकास बैंक, १ जल जलविद्युत कम्पनी, २ वित्त कम्पनी र १ वीमा कम्पनी गरी १६ संगठित संस्थाको रू.२ अर्ब २ करोड ८४ लाख बराबरको धितोपत्र दर्ता गरी सोको सार्वजनिक निष्काशनका लागि विवरणपत्र स्वीकृत गरेको छ । त्यस्तै बोर्डले ५ वाणिज्य बैंक, ११ विकास बैंक, १४ वित्त कम्पनी, १ बीमा कम्पनी गरी कुल ३१ संगठित संस्थाको रू. ५ अर्ब ५४ करोड ४३ लाख ३५ हजार बराबरको हकप्रद सेयर निष्काशनको लागि अनुमति दिएको छ । बोर्डले गत आर्थिक वर्षमा कुल ६२ वटा संस्थाहरूको रू. ४ अर्ब ४१ करोड ४० लाख बराबरको बोनस सेयर दर्ता गरेको छ । बोर्डले १० विकास बैंक, ७ वित्त कम्पनी, १ बीमा कम्पनी गरी कुल १८ संगठित संस्थाको रू.१ अर्ब ८० करोड ४० लाख ६७ हजार बराबरकोसंस्थापक सेयर विक्री गर्न दर्ता गरेको छ भने ३ वटा संगठित संस्थाहरूको २०,७३,६५९ संख्याको बिक्री प्रस्ताव (अफर डकुमेन्ट) दर्ता गरी संस्थापक सेयर विक्री गर्न अनुमति प्रदान गरेको छ ।

नागरिक लगानी कोषद्वारा संचालनमा ल्याइएको नागरिक एकांक योजना अन्तर्गत आर्थिक वर्ष २०६७।६८ को अन्तसम्ममा रू.३१ करोड ३५ लाख ९० हजार बराबरको एकांक बिक्री भएको छ भने रू. ४७ करोड ३७ लाख १० हजार मुल्य बराबरको एकांकको पुनखरिद भएको छ ।यस आर्थिक वर्षको अन्त्यसम्ममा योजनाको कुल लगानी रू.३३ करोड तथा योजनाले रू.१० लाख ३० हजार खुद आय आर्जन गरेको छ ।

सूचीकृत संगठित संस्थाहरूको विवरण प्रवाहको स्थिति हेर्ने हो भने गत आर्थिक वर्षमा कुल २०७ सूचीकृत संगठित संस्थाहरू मध्ये ५२ सूचीकृत संगठित संस्थाले तोकिएको समयमा तथा १०७ संगठित संस्थाहरूले ढिलो गरी सोही आर्थिक वर्ष भित्र वार्षिक प्रतिवेदन बुझाएका छन् । १३० संगठित संस्थाहरूले प्रथम चौमासिक विवरण, १७२ संगठित संस्थाहरूले दोस्रो चौमासिक विवरण, १७८ संगठित संस्थाहरूले तेस्रो चौमासिक विवरण र १६६ संगठित संस्थाहरूले चौथो चौमासिक विवरण बोर्डमा बुझाएका छन् । मुल्य संवेदनशील सूचनाको अभिलेख तर्फ हेर्ने हो भने आर्थिक वर्ष २०६७।६ ८ मा कुल ३१७ संगठित संस्थाहरूको मुल्य संवेदनशील सूचना बोर्डमा प्राप्त भएको छ जुन अघिल्लो आर्थिक वर्षमा ३०१ वटा मात्र थियो ।

आर्थिक वर्ष २०६७।६८ मा प्रमुख रूपमा बोर्डले धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली, सामूहिक लगानी कोष, क्रेडिट रेटिङ्ग कम्पनी जस्ता धितोपत्र बजारका लागि अति आवश्यक पूर्वाधारहरूको स्थापनालाई प्रोत्साहन गर्न तत्सम्बन्धी नियमन व्यवस्थाहरू विकास गर्ने कार्यलाई प्राथमिकता दिएको थियो । सोही अनुसार बोर्डले धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ लागू गरी धितोपत्र बजारमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा तथा सामूहिक लगानी कोषको प्रवेशलाई खुला गरेको छ । धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरूको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्न बोर्डले अन्य आवश्यक नियमावली तथा निर्देशिकाहरूकोतर्जुमा कार्य समेत अगाडि बढाइसकेको छ ।

## बोर्डमा विद्युतीय विवरण प्रवाह
(अनलाइन रिपोर्टिङ) सुरु

नेपाल धितोपत्र बोर्डले केही समय अघिदेखि अनलाइन रिपोर्टिङ्ग सेवा सुरू गरेको छ । बैंक तथा वित्तीय संस्थाहरूले बोर्डसमक्ष पेश गर्नुपर्ने वित्तीय विवरणहरू नेपाल धितोपत्र बोर्डको वेवसाइट मार्फत बुझाउन सकिने छ । यसको लागि *Software, Username* तथा *Password* उपलब्ध गराउन बोर्डमा अनुरोध पत्र पेश गरिएकोमा हालसम्म जम्मा १८ वटा कम्पनीहरूले नाम दर्ता गराएका र ५ वटा कम्पनीले मात्र आफ्ना वित्तीय विवरणहरू *On-line reporting system* मार्फत उपलब्ध गराएका छन् । बैंक तथा वित्तीय क्षेत्रका कम्पनीहरूलाई पुनः सर्कुलर जारी गरी *Software, Username* तथा *Password* लिएर अनलाइन मार्फत वित्तीय विवरण पेश गर्न लगाउने तयारी बोर्डले गरिरहेको छ ।

# गुनासो तथा समाधान

नेपाल धितोपत्र बोर्डमा गत आर्थिक वर्ष २०६७।६८ मा विभिन्न शिर्षकमा १५ वटा गुनासोहरू प्राप्त भएको छ र त्यस पश्चात यस आर्थिक वर्षको मंसिर मसान्त सम्म थप तीनवटा गुनासोहरू प्राप्त भएकोमा त्यस सम्बन्धी आवश्यक कारबाही गरिएको छ । गुनासोका विषयहरूमा अरूले नै शेयर प्रमाणपत्र झिकी बिक्री गरेको, बैंक कर्मचारीले अनुचित प्रभावमा पारी प्रोक्सी संकलन गरेको, साधारणसभा समेतका निर्णय कार्यन्वयन नगरेको, बोनर सेयर नपाएको, बिनाकारण साधारणसभा स्थगित गरेकोले यथासिघ्र साधारणसभाको सुचना जारी गरिनुपर्ने, कारोबार भएको शेयर नामसारी भइ नआएको साथै सुचिकृत नभएको सेयर बिक्री गरेकोले बोनस सेयर तथा हकप्रद सेयर समेत पाऊँ, धितोपत्र सूचिकरण तथा कारोबार नगराई सर्वसाधारण समुहको निर्वाचन गर्ने प्रचलन बढेकोले नियन्त्रणको लागि आवश्यक पहल गरी पाऊँ, हकप्रद शेयरको हक संरक्षण गरी पाऊँ भन्ने थिए । यस सम्बन्धमा बोर्डले आवश्यक छानबिन गरी निर्देशन दिनुका साथै नीतिगत व्यवस्थाका लागि सिफारिस गर्ने निणय गरेको छ ।

# बोर्डको वर्तमान जनशक्ति

**बाबुराम श्रेष्ठ**
**(अध्यक्ष)**

### सुपरिवेक्षण विभाग
निरज गिरी - निर्देशक
अनुजकुमार रिमाल - अधिकृत
नारायणप्रसाद शर्मा - अधिकृत

### नियमन विभाग
परिष्टनाथ पौड्याल - निर्देशक
निरञ्जय घिमिरे - अधिकृत

### कानून विभाग
मुक्तिनाथ श्रेष्ठ - उपनिर्देशक
कृष्णप्रसाद घिमिरे - अधिकृत
विनय सिग्देल - अधिकृत

### व्यवस्थापन विभाग
विनय देव आचार्य - उपनिर्देशक
सन्तोष कार्की - उपनिर्देशक
अनुजकुमार रिमाल - अधिकृत
सुरज प्रधानाङ्ग - वरिष्ठ सहायक
शोभा अधिकारी - वरिष्ठ सहायक
नवराज पण्डित - सहायक
शशी अर्याल - सहायक

### योजना तथा विकास विभाग
डा. नवराज अधिकारी - उपनिर्देशक
मञ्जु उपाध्यक्ष - अधिकृत
गोपालकृष्ण आचार्य - अधिकृत
नविनमान वैद्य - अधिकृत
जीवन अंगाई - अधिकृत
दीपक शर्मा - वरिष्ठ सहायक
भरतराज अर्याल - वरिष्ठ सहायक
राजुबहादुर जिसी - सहायक
राजन थापा - सहायक

### संस्थागत वित्त विभाग
विनयदेव आचार्य - उपनिर्देशक
अम्बिकाप्रसाद गिरी - अधिकृत

### वित्तीय सूचना विश्लेषण विभाग
अम्बिकाप्रसाद गिरी - अधिकृत
विनोद पौडेल - वरिष्ठ सहायक

### सहयोगी कर्मचारीहरु
नहकुल भट्टराई
राजेश लागे
राजन खतिवडा
अर्जुनप्रसाद ढकाल
दीपक क्षेत्री
नवराज पौडेल
विनोद महर्जन


## नेपाल धितोपत्र बोर्डद्वारा प्रकाशित

संरक्षक: बाबुराम श्रेष्ठ, सल्लाहकार सम्पादक: निरज गिरी, परिष्ठनाथ पौड्याल, सम्पादक: जीवन अंगाई
कार्यालय: विजयचोक, गौशाला, काठमाडौं, पो.ब.नं.: ९०३१
फोन: ४४९१३४३, ४४९४३२६, ४४८१३२५, ४४८०३२१, ४११०३२६, फ्याक्स: ४४९३३३४
E-mail: support@sebon.gov.np